E-mail:-mgddfo@gmail.com
फोन नं.-०६९-५२०१३५

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

म्याग्दी, बेनी

पत्र संख्याः २०८०/८१
च.नं. -६२१

मितिः २०८०/१२/२५

(छाप: गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय म्याग्दी)

विषयः सूचना टाँस गरी जानकारी पठाइ दिने वारे ।

श्री अन्नपूर्ण गा.पा. पोखरी
म्याग्दी ।

उपरोक्त विषयमा डिभिजन वन कार्यालय, म्याग्दीको मिति २०८०/१२/२५ मा प्रकाशित सूचनाको एक प्रति यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाइ दिनु हुन अनुरोध छ।

२०८०/१२/२५

विष्णु प्रसाद अधिकारी
डिभिजनल वन अधिकृत

श्री प्रशासन
१. वेबसाइट, फेसबुक पेजमा Upload गर्न लगाउने ।
२. वडा कार्यालयहरुमा पठाइदिने ।
३. सूचना पाटीमा टाँस गर्ने ।
४. डि.वन कार्यालयलाई सूचना टाँस भएको जानकारी पठाइदिने ।

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: २९६९
दर्ता मिति: २०८०/१२/२८

E-mail:-mgddfo@gmail.com
फोन नं.-०६९-५२०१३५

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
सब-डिभिजन वन कार्यालय, बेनी
म्याग्दी, बेनी

पत्र संख्याः २०८०/८१
च.नं.

विष्णु प्रसाद अधिकारी
डिभिजनल वन अधिकृत
२०८०/१२/२५

## जडिबुटीको विरुवा माग गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२५/१

यस कार्यालयको आ.व.२०८०/०८१ को "जडिबुटी विरुवा उत्पादन तथा खेती विस्तार" क्रियाकलाप कार्यान्नवयन गर्न म्याग्दी जिल्ला भित्र सामुदायिक वन, निजी वन तथा निजी आवादीमा टिमूर, सतुवा लगाएतका बिरुवा रोपण गरी जडिबुटी विकास गर्न तथा स्थानीय स्तरको आय-आर्जन अभिवृद्धि गर्न देहायका मापदण्ड पुरा हुने गरी ईच्छुक समुह/संस्था/व्यक्तिलाई निःशुल्क रुपमा उक्त विरुवाहरु वितरण गरी रोपण गर्ने कार्यक्रम रहेकोले मिति २०८१/०१/१५ गतेसम्म यस कार्यालय वा नजिकको सव-डिभिजन वन कार्यालय (धौलागिरी, मालिका, मङ्गला, बेनी, रघुगङ्गा र अन्नपूर्ण) हरुमा विरुवा माग सम्वन्धी निवेदन पेश गर्नुहुन अनुरोध छ । निजी जग्गाधनीले निवेदनको साथमा जग्गाको तिरो तिरेको रसिद, लालपुर्जा, नेपाली नागरिकता, नापि कार्यालयको प्रमाणित नक्शा र संवन्धित वडा कार्यालयको शिफारिस पत्र सहित उल्लेखित बिरुवा रोपण गर्ने जग्गाको कि.नं. उल्लेग गरी पेश गर्नु होला। थप जानकारीका लागी ९८५७६२५१३५ र ९८५७६२६१३५ मा सम्पर्क गर्नु होला ।

<u>तपशिल</u>

| सतुवाको गानो | टिमूरको विजु विरुवा |
|---|---|
| - १,६०० मि. देखी २,२०० मिटर उचाई भएको निजी जग्गमा रोपण गर्नु पर्ने छ ।<br>- कम्तिमा १,८०० गोटा टुसाएको गानो रोपण गर्नु पर्ने छ।<br>- सतुवा रोपण गर्ने जग्गामा उत्तिस, ओखर, सिल्टिमूर जस्ता प्रजातिको कम्तिमा ५० प्रतिशत छायाँ पर्ने, पर्याप्त चिस्यान भएको, सिचाई गर्न सकिने खालको हुनुपर्ने छ।<br>- विरुवा उपलब्ध भएको ३ दिनभित्र बिरुवा रोपण गरी सक्नु पर्नेछ।<br>- रोपण पश्चात् कार्यालयबाट गरिने अनुगमन मुल्याङ्कनबाट दिईएका सुझावहरु अनिवार्य पालना गर्नु पर्नेछ। | - १,२०० मिटरभन्दा बढी उचाई भएको सामुदायिक वन, निजी वन वा निजी आवादीमा रोपण गर्नु पर्नेछ।<br>- कम्तिमा ५० गोट विरुवा रोपण गर्नु पर्ने छ।<br>- खाडलको वरिपरी छापो र सिचाइको व्यवस्था गर्नु पर्ने छ।<br>- विरुवा उपलव्ध भए पछी ३ दिनभित्र रोपण गरिसक्नु पर्नेछ।<br>- रोपण पश्चात् कार्यालयबाट गरिने अनुगमन मुल्याङ्कनबाट दिईएका सुझावहरु अनिवार्य पालना गर्नु पर्नेछ। |

**नोटः** १. उपरोक्तानुसारका बिरुवा बाहेक अन्य प्रजातिका बिरुवाहरुको रोपणका संवन्धमा माग भै आएपछि कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।

२. सँस्थाको हकमा चालू आ.व.मा नविकरण भएको हुनुपर्ने छ।